संघीय संसद

# प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

## <u>बैठक संख्या-३</u>

मितिः-२०८०/०२/०७ गते आइतबार

## <u>निर्णयहरु</u>

१. समितिको आजको बैठकमा माननीय महालेखापरीक्षकसँग वित्तीय जवाफदेहिता, आर्थिक अनुशासन र बेरुजुको विद्यमान अवस्था लगायतका समसामयिक विषयमा अघिल्लो बैठकमा भएको छलफललाई निरन्तरता दिइयो । उल्लिखित विषयमा सुधार गर्न शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक प्रशासन र सुशासन, सार्वजनिक वित्त व्यवस्थापन, बिकास व्यवस्थापन लगायतका महत्वपूर्ण विधा र पक्षमा सुधार गर्नुपर्ने तथा बढ्दो बेरुजुको अंश घटाई सरकारको वित्तीय व्यवस्थापन क्षमता अभिवृद्धि गर्न खर्च गर्ने कार्यमा संलग्न कर्मचारी र पदाधिकारीको कार्यसम्पादनलाई बेरुजुसँग आबद्ध गरी जवाफदेही बनाउनुपर्ने, संबैधानिक निकाय लगायतका राज्यका महत्वपूर्ण राजनीतिक नियुक्तिमा बेरुजु फर्स्योटसहित निजको विगतको कार्यसम्पादन प्रभावकारिता हेरिनुपर्ने जस्ता विषयमा सुझावहरु प्रस्तुत गर्दै समितिका माननीय सदस्यहरुबाट उठान भएका जिज्ञासाहरुको सम्बोधन गर्नुभयो ।

२. समितिको अर्को बैठक सूचना भएपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।